**COVID-19 Recovery Resource Center कोभिड-१९ रिकभरी / सुधार संसाधन केन्द्र**
**Cross State Travel Information अन्तर राज्य यात्रा जानकारी**
**Economic Recovery Grant Application Process आर्थिक सुधार अनुदान आवेदन प्रक्रिया**

**Ask a Question | एक प्रश्न सोध्नुहोस् |**
तपाईका प्रश्नहरूको उत्तर खोज्न हाम्रो स्वचालित खोज उपकरण प्रयोग गर्नुहोस्।

**Stay Informed | सूचित रहनुहोस् |**
हाम्रो कोभिड-१९ आर्थिक र सामुदायिक प्रतिक्रिया न्यूजलेटर / समाचार-पत्रिकाको सदस्यता लिनुहोस्।

**Resources for Business व्यवसायको लागि संसाधनहरु**
**Resources for Individuals व्यक्तिहरुको लागि संसाधनहरु**
**Resources for Communities समुदायहरूको लागि संसाधनहरु**

## VERMONT EMERGENCY ECONOMIC RECOVERY GRANT FAQS भर्मन्ट आपतकालीन आर्थिक सुधार अनुदान सम्बन्धि बारम्बार सोधिने प्रश्नहरू

वर्तमान आर्थिक रिकभरी/सुधार अनुदान कोष ऐन ११५ बाट आउँछ जुन वाणिज्य र सामुदायिक विकास एजेन्सी (ACCD - एसीसीडी) र कर विभाग द्वारा प्रशासित हुनेछ।.
कला र संस्कृति संगठनहरू, आउटडोर(बाहिरी) मनोरन्जन व्यवसायहरू, अनि महिला र अल्पसंख्यक स्वामित्व भएका व्यवसायहरूको लागि अतिरिक्त रकम कानुन H.966 (एच.९६६) मार्फत उपलब्ध गरिएको छ। यी व्यवसायहरूले ती कोषहरूको लागि आवेदन गर्न ACCD (एसीसीडी) को आर्थिक रिकभरी/सुधार अनुदानको आवेदन प्रयोग गर्नेछन।

वन व्यवसायहरु, स्वास्थ्य सेवा प्रदायकहरु, बाल हेरचाह प्रदायकहरु, गर्मी यामका शिविरहरु, आफ्टरस्कूल (स्कूल पछिका) कार्यक्रमहरु, स्थानीय सरकारहरु, आवास संगठनहरु, र घरमालिकहरुको लागि थप रकम उपलब्ध हुँदैछ। यी कार्यक्रमहरू सम्बन्धित राज्य एजेन्सीहरू द्वारा प्रशासित हुनेछ र कसरी आवेदन गर्ने भन्ने बारे थप जानकारी चाँडै उपलब्ध हुनेछ।

## FREQUENTLY ASKED QUESTIONS बारम्बार सोधिने प्रश्नहरू

- एसीसीडीबाट अनुदान पाउनको लागि को-को योग्य हुन्छ?
- मैले एसीसीडी मार्फत अनुदानको लागि कसरी आवेदन दिन सक्छु?
- के अनुदानको लागि आवेदन गर्न मैले मद्दत पाउन सक्छु?
- यदि मसँग आवेदनको लागि आवाश्यक पर्ने सबै जानकारीहरू छैनन् भने के हुन्छ ?
- मैले मेरो पासवर्ड बिर्सें। म कसरी यसलाई रिसेट गर्न सक्छु?
- के म आंशिक रूपमा आवेदन भर्न सक्छु र पछि यसलाई पुरा गर्न फर्केर आउन सक्छु?
- के त्यहाँ अधिकतम अनुदान रकम हुन्छ ?
- अनुदान रकम कसरी गणना गरिन्छ?

- यदि मैले भर्खरै मेरो व्यवसाय खोलेँ र मेरो २०१९ सालको मे महिना देखि - जून महिना सम्मको मासिक राजस्व आंकडा छैन भने, के म अझै योग्य हुन्छु ?
- के मैले मेरो लेखाको आधार परिवर्तन गर्न सक्छु?
- अनुदान कोषहरुमा कर लाग्छ?
- के मेरो लेखापालले मेरा लागि आवेदन भर्न सक्दछ ?
- के त्यहाँ एक कागजको आवेदन हुन्छ?
- मेरो कर फिर्ताको(ट्याक्स रिटर्नको) कुन अंश मैले राजस्व वा आय रिपोर्ट गर्न प्रयोग गर्नुपर्दछ?
- व्यवसायहरूले अनुदान कोषहरू केका लागि प्रयोग गर्न सक्दछन्?
- के मैले आर्थिक सुधार अनुदानको लागि आवेदन दिन सक्छु, यदि मेरो सम्पत्तिमा लीज गरेर भाँडा तिर्दै गरेको लामो अवधि सम्म बस्ने किरायेदारबाट पाउने भाँडाको आम्दानी गुमाएको छु भने?
- के मैले आर्थिक सुधार अनुदानको लागि आवेदन दिन सक्छु, यदि मैले कोभिड-१९ महामारीको कारणले गर्दा मेरो छोटो अवधिको वा छुट्टीको समयमा भाडामा लगाउने सम्पति बाध्य भएर बन्द गर्नु परेको , कम माग भएको या कम चलेको, वा भाँडाको भुक्तानी नगरेको कारणहरुले आय गुमाएको छ भने?
- के त्यहाँ कैले सम्ममा अनुदान रकम खर्च गरिसक्नु पर्छ भन्ने समय सीमा छ?
- NAICS (एन ए आइ सी एस ) कोड भनेको के हो? म त्यो मेरो कोड कहाँ पाउँछु?
- "एक गैर-मालिक कर्मचारी" आवश्यकताको अर्थ के हो?
- के एकल स्वामित्व भएका व्यवसायहरूका मालिकहरु योग्य हुन्छन ?
- "कुल राजस्वमा "७५% वा अधिक गिरावट" आवश्यकताको अर्थ के हो?
- यो कर विभाग संग राम्रो स्थितिमा हुनुपर्नेको मतलब के हो?
- राज्य सचिवको साथ राम्रो स्थितिमा हुनुपर्ने भनेको के हो?
- के गैर-भर्मन्ट कम्पनीहरू अनुदानको लागि योग्य छन्?
- यदि मेरो आवेदन पेश गरे पछि एसिसिडीलाई थप जानकारी चाहियो भने के हुन्छ?
- यदि मैले पीपीपी वा ईआईडीएल ऋण वा केहि अन्य संघीय प्रतिपूर्ति रकम प्राप्त गरेकोछु भने के म अझै पनि एसीसीडी अनुदानको लागि आवेदन दिन सक्छु?
- यदि अधिक वा धेरै योग्य व्यवसायहरूले अनुदानहरुको लागि उपलब्ध कोषहरू भन्दा पनि धेरै आवेदन गरे भने के हुन्छ?
- मैले मेरो आवेदन पेश गरेपछि के हुन्छ?
- म कत्तिको चाँडो अनुदान प्राप्त गर्न अपेक्षा गर्न सक्छु?
- के मेरो अनुदानको बारेमा जानकारी सार्वजनिक गरीन्छ?
- के त्यहाँ अन्य राज्य एजेन्सीहरूबाट अन्य कोभिड-१९ अनुदानहरू उपलब्ध छन्?
- कोभिड-१९ बाट भएको आर्थिक मन्दीलाई मद्दत गर्नको लागि मेरो व्यवसायका लागि उपलब्ध हुन सक्ने थप संसाधनहरू कहाँ पाउन सक्छु?

**Who is eligible for a grant from ACCD? एसीसीडीबाट अनुदान पाउनको लागि को-को योग्य हुन्छ?**

एक योग्य व्यवसाय एउटा गैर सार्वजनिक, निजी संस्था हुनुपर्नेछ जुन :

- अधिवासित छ वा यसको व्यवसायको प्राथमिक स्थान भर्मन्टमा छ,
- एक वा अधिक गैर-मालिक  कर्मचारीहरु भर्मन्टमा छन्, - अपवाद सहित जहाँ शून्य कर्मचारीका साथ महिला रअल्पसंख्यक स्वामित्वका व्यवसायहरू एसीसीडी मार्फत अनुदानको लागि योग्य हुन्छन,
- फेब्रुअरी १५, २०२० अघि खुला र सक्रिय थियो.
- आवेदनको समयमा खुला छ, वा कोभिड-१९ को प्रतिबन्धको कारण बन्द गर्नु पर्ने आवश्यक परेकोछ तर कोभिड-१९ को  प्रतिबन्धहरू हटाएपछि पुन: खोल्ने आफ्नो अभिप्रायलाई प्रमाणित गर्न सक्दछ
- एक व्यवसाय वा संगठन होइन, न त एक व्यापार वा संगठनको एक सहायक नै हो, वा कुनै एक व्यवसाय वा संगठनको स्वामित्वमा पनि छैन, जसले कुल राजस्व $ २०,०००,००० भन्दा अधिक रिपोर्ट गरेकोछ,
- मार्च १, २०२० देखि अगस्ट,३१, २०२० सम्मको कुनै एक महिनाको अवधिमा कुल राजस्वमा ५०% वा सो भन्दा बढी गिरावट भएको अनुभव छ, जुन २०१९ मा त्यै महिनाको तुलना गर्दा भएको थियो,
- हाल अध्याय ७ अन्तर्गत दिवालियापनमा वा कंगालपनमा छैन,
- भर्मन्ट कर विभागसंग राम्रो स्थितिमा छ वा राम्रो छबिमा छ ,
- भर्मन्ट राज्य सचिवको साथ राम्रो छबि छ वा राम्रो स्थितिमा छ
- भर्मन्ट राज्यका अन्य एजेन्सीहरू र विभागहरूवाट एक भर्मन्ट आपतकालिन आर्थिक रिकभरी/सुधार अनुदान प्राप्त भएको छैन।
- कोठा र भोजन करहरू र / वा बिक्री र प्रयोग करहरु संकलन गर्दैन वा भर्मन्ट करहरूको विभागलाई वार्षिक रुपमा मात्र कर संकलन बारे रिपोर्ट गर्दछ ( सामान्यतया साना साना संकलन रकमहरुको कारणले गर्दा )
- एक MyVTax (मेरो भर्मन्ट कर) खाता छैन।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**How do I apply for a grant with ACCD? मैले एसिसिडी मार्फत अनुदानको लागि कसरी आवेदन दिन सक्छु?**

तपाईले आर्थिक सुधार अनुदानहरुको पृष्ठमा रहेको आवेदन लिंकमा क्लिक गरेर आवेदन दिन सक्नुहुन्।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Can I get help applying for the grant? के अनुदानको लागि आवेदन गर्न मैले मद्दत पाउन सक्छु?**

यदि तपाईलाई मद्दत चाहिएमा, तपाईले हामीलाई आर्थिक सुधार अनुदानसँग सम्बन्धित प्रत्येक वेबपृष्ठमा अवस्थित हाम्रो "आर्थिक सुधार अनुदान लाइभ कुराकानी" सुविधा प्रयोग गरेर, वा ८०२-८२८-१२०० मा कल गरेर सम्पर्क गर्न सक्नुहुन्छ। आवेदनहरू र प्रश्नहरूको अपेक्षित उच्च मात्राका कारण हामीले तपाईहरुलाई प्रतिक्रियाहरू दिन कुनै ढिलाइ भएमा वा कल प्रतीक्षाका लामो समयहरूका सम्बन्धमा तपाईको धैर्यताको लागि अनुरोध गर्दछौ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**What if I don’t have all the information that’s needed for the application? यदि मसँग आवेदनको लागि आवाश्यक पर्ने सबै जानकारीहरू छैनन् भने के हुन्छ ?**

तपाईले एक आवेदन सुरु गर्नु अघि तलका सूचनाहरू वा जानकारीहरु जम्मा गर्नुपर्दछ भनि हामी तपाईलाई दृढतापूर्वक सुझाव दिन्छौ । सबै कागजातहरू पीडीएफ(PDF) ढाँचामा हुनुपर्दछ:

**क)** - तपाईको W-9 जानकारी (यदि तपाईसँग भए ) **ख)** - २०१९ सालको संघीय र राज्य कर फिर्ताहरु (वा आयकरबाट छुट प्राप्त संस्थाहरुका लागि फारम ९९० **ग)** - २०१९ र २०२० सालहरुको महिना-महिनाको आय विवरणहरु (साल भरको पुरा कमाई) **घ)-** भर्मन्ट व्यवसायको खाता पहिचान नम्बर (कर फाइलिंग विभागमा प्रयोग गरेको)। यी जानकारीहरु आवेदनमा सोधिनेछ, तर यो आवश्यक फिल्ड वा क्षेत्र भने होईन। **ङ)** -संघीय नियोक्ता पहिचान संख्या (FEIN) **च)** - आवेदनको लागि जिम्मेवार व्यक्तिको लागि सम्पर्क गर्ने जानकारी ।

आवेदन गर्न लगभग १०-१५ मिनेट लग्न सक्दछ यदि तपाईसँग सबै सामग्रीहरू तयार छन् भने। अनुदानहरु पहिलो आउने आवेदन , र पहिलो सेवा गरिएको आधारमा प्रदान गरिनेछ, त्यसैले तपाईले सबै जानकारीहरू तयार गर्नु आवश्यक छ जुन तपाईको आवेदन प्रत्यक्ष रुपमा पेश गर्नको लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ।

आवेदन पेश गर्दा सही तरिकाले सबै आवश्यक जानकारीहरू दर्ज गर्न वा लगाउन महत्त्वपूर्ण हुन्छ। कुनै पनि अपूर्ण रुपमा पेश गरिएका आवेदनहरू लामबाट हटाइनेछ र फिर्ता पठाइनेछ। एजेन्सी र कल-सेन्टरका कार्यकर्तासँग आवेदनहरूमा कुनै पेश गरिएका क्षेत्रहरू परिवर्तन गर्ने क्षमता हुन्दैन। यदि सम्पादनहरू आवश्यक छन् भने (ईमेल ठेगाना, अपूर्ण कागजातहरू, गलत व्यवसाय आईडी जानकारी) तपाईको आवेदनलाई लामबाट बाहिर लिइनेछ र ती आवश्यक सम्पादनहरू गर्नको लागि, र त्यस पछि तपाईले लाम लाइनको अन्त्यमा पुनः पेश गर्नु पर्ने आवश्यक पर्दछ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**I forgot my password. How can I reset it? मैले मेरो पासवर्ड बिर्से। म कसरी यसलाई रिसेट गर्न सक्छु?**

तपाईले प्रयोगकर्ता आईडी र पासवर्ड बनाउनु पर्नेहुन्छ जब आवेदन दिनुहुन्छ। यो एकदम महत्त्वपूर्ण छ कि तपाईले आफ्नो ईमेल ठेगाना सहि रुपमा लगाउनुहोस्। यदि तपाईलाई आफ्नो पासवर्ड रिसेट गर्न वा फेर्न आवश्यक छ भने, "फर्गट मई पासवर्ड / मेरो पासवर्ड बिर्से " मा क्लिक गर्नुहोस्। तपाईको पासवर्ड कसरी रिसेट गर्ने भन्ने निर्देशनका साथ तपाईले प्रदान गरेको ईमेल ठेगानामा पठाइनेछ। यदि तपाईले गलत रूपमा तपाईको ईमेल टाइप गर्नु भएको छ भने, तपाईले त्यो ईमेल प्राप्त गर्नुहुने छैन र तपाईको पासवर्ड रिसेट गर्न सक्षम हुनुहुने छैन।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Can I partially fill out the application and return to it later? के म आंशिक रूपमा आवेदन भर्न सक्छु र पछि यसलाई पुरा गर्न फर्केर आउन सक्छु?**

हो, सक्नुहुन्छ । तपाईले प्रयोगकर्ता आईडी र पासवर्ड बनाउनु पर्ने हुन्छ जब आवेदन दिनुहुन्छ। तपाईले ती पत्यारपत्रहरू वा प्रमाणहरू प्रयोग गर्नु पर्नेहुन्छ, त्यसो गर्दा तपाई पछि पुन: फर्कनु पर्दा तपाईको आवेदन पहुँच गर्नका लागि सजिलो हुन्छ। यो पूरा नभएसम्म र सबमिटअर्थात् पेश नभएसम्म तपाईको आवेदन "पेश नगरिएको" स्थितिमा रहनेछ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Is there a maximum grant amount? के त्यहाँ अधिकतम अनुदान रकम हुन्छ ?**

हो। अधिकतम अनुदान राशि $ ५०,००० हो।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**How is the grant calculated? अनुदान रकम कसरी गणना गरिन्छ?**

यदि तपाई अनुदानको लागि योग्य हुनुहुन्छ भने, तपाईको अनुदान क्यालेन्डर वर्ष २०१९ को लागि कर रिटर्नमा रिपोर्ट गरिएको कुल राजस्वको वा कमाईको १०% हुनेछ, त्यस पछि कुनै पनि व्यवसाय व्यवधान हुँदा प्राप्त बीमा आयलाई घटाउनु गर्नु पर्नेहुन्छ। अधिकतम अनुदान $ ५०,००० हो। २०१९ सालको क्यालेन्डरमा कूल राजस्वमा वा कमाईमा $२०,०००,००० भन्दा बढी भएका व्यवसायहरु अनुदानको लागि योग्य हुदैनन् ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**If I opened my business recently and do not have monthly revenue figures from May – June 2019, am I still eligible? यदि मैले भर्खरै मेरो व्यवसाय खोलेँ र मेरो २०१९ सालको मे महिना देखि - जून महिना सम्मको मासिक राजस्व आंकडा छैन भने, के म अझै योग्य हुन्छु ?**

हुन्दैन । जुन व्यवसायहरूले २०२० को मे महिना - जून महिना भित्र कुनै पनि महिनाको लागि राजस्व घटेको दाबी गर्दछन भने तुलनात्मक उद्देश्यका लागि र अनुदान पुरस्कार गणना गर्नका लागि २०१९ सालको त्यहि समय अवधिको वा महिना(हरु)को मासिक आय विवरण हुनु पर्दछ। व्यवसायहरू जसको आय थिएन वा २०१९को त्यो समय अवधिमा खुला थिएनन् भने तिनीहरु अनुदानका लागि योग्य हुँदैनन् । केहि अयोग्य व्यवसायहरूको लागि थप कोष वा रकम आगामी दिनहरुमा उपलब्ध हुँदैछ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Can I change my basis of accounting? के मैले मेरो लेखाको आधार परिवर्तन गर्न सक्छु?**

मासिक आर्थिक विवरणहरुको लगातार रुपको स्पष्ट दृश्यहरु हुन अनिवार्य छ। एक वर्षको लागि नगद आधार अर्को वर्षको लागि अर्जित आय आधार स्वीकार गरिने छैन।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Are grant funds taxed? के अनुदान कोषहरुमा कर लाग्छ?**

हो लाग्छ। अनुदानहरू प्राप्त गर्ने व्यवसायहरूलाई १०९९ फारम पठाइनेछ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Can my accountant fill out the application out for me? के मेरो लेखापालले मेरा लागि आवेदन भर्न सक्दछ ?**

हो सक्दछ। तेस्रो पक्षका रूपमा लेखापालले ब्यवासाहिक ग्राहकको तर्फबाट आवेदन भर्न सक्दछ यदि व्यवसाय द्वारा त्यसो गर्न अधिकार दिइएको छ भने। व्यवसायहरूले आवेदनमा धेरै समर्थन गर्ने साक्षी प्रमाणहरुको लागि प्रमाणित गर्नुपर्दछ। आवेदकहरूले पनि आवेदनमा अतिरिक्त सम्पर्कहरू थप्न सक्दछन् (उदाहरणका लागि तपाईको CFO वा सामान्य सल्लाहकार वा वकिल); यी अतिरिक्त सम्पर्कहरूले (व्यक्तिहरुले) आवेदनको पहुँच र सम्पादन गर्न सक्दछन।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Is there a paper application? के त्यहाँ एक कागजको आवेदन हुन्छ?**

यस समयमा हामीले कागजका आवेदनहरू स्वीकार गरिरहेका छैनौं। इन्टर्नेट वा कम्प्युटर पहुँच नभएका आवेदकहरूले आफ्नो स्थानीय क्षेत्रीय विकास निगमलाई सम्पर्क गरेर आवेदन भर्नका लागि मद्दत पाउन सक्दछन्।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Which part of my tax return should I use to report revenue? - मेरो कर फिर्ताको(ट्याक्स रिटर्नको) कुन अंश मैले राजस्व वा आय रिपोर्ट गर्न प्रयोग गर्नुपर्दछ?**

- साझेदारीहरु: फारम १०६५ - लाइन १ सी ( C )
- एकल स्वामित्वकर्ताहरु: फारम १०४०, तालिका सी - लाइन २
- सी-निगमहरू(कर्पोरेसनहरू): फारम १०२० - लाइन १ सी ( C )
- एस-निगमहरू (कर्पोरेसनहरू): फारम १०२०-एस - लाइन १ सी ( C )
- इस्टेट(जग्गा-जायदाद) र ट्रस्टहरू(व्यापार-संघहरू): अनुसूची सीएसहरू(Cs) जुन १०४० अनुसूची सीहरु(Cs) हुन्
- भाडा आय सहितका एकल स्वामित्वकर्ताहरू: फारम १०४०, तालिका E

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**What can businesses use the grant funds for? व्यवसायहरूले अनुदान कोषहरू केका लागि प्रयोग गर्न सक्दछन्?**

तपाईको व्यवसायलाई आर्थिक सहयोग पुऱ्याउने उदेश्यले मद्दतको लागि भर्मन्ट आर्थिक सुधार अनुदानहरु जारी भइरहेको छन्, जुन कोभिड-१९ सार्वजनिक स्वास्थ्य आपतकालको कारणले गर्दा तपाईको व्यवसाय ग्राहकको माग घटेर प्रभावित भएको छ। यी कोषहरू दुबै - तपाईको कम्पनीले लगाएको लागतहरुको लागि र सीधा तपाईको व्यवसायले कोभिड-१९ को प्रतिक्रियामा सम्बन्धित आवश्यक खर्चहरुको लागि प्रयोग गर्न सकिन्छ। यी अनुदान कोषहरू अन्य संघीय स्रोतहरूबाट प्राप्त गरेको रकमले ढाक्ने खर्चहरूको लागि प्रयोग गरिनु हुँदैन। यी अनुदान कोषहरू त्यो संघीय कोषहरू प्रयोग गरिएको अवधि पछिको खर्चहरुको लागि मात्र प्रयोग गरिनुपर्दछ। कृपया लाभहरूको नक्कलको सम्बन्धमा अतिरिक्त मार्गदर्शनको समीक्षा गर्नुहोस् ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Can I apply for an Economic Recovery Grant if I have lost income from a long-term tenant not paying rent on a leased property that I own? के मैले आर्थिक सुधार अनुदानको लागि आवेदन दिन सक्छु, यदि मेरो सम्पत्तिमा लीज गरेर भाँडा तिर्दै गरेको लामो अवधि सम्म बस्ने किरायेदारबाट पाउने भाँडाको आम्दानी गुमाएको छु भने?**

होईन, सक्नुहुन्न ! छुट्टै भाँडा सहायता कार्यक्रमले घरमालिकहरू र सम्पत्ति मालिकहरूलाई भाँडामा भुक्तान गर्न नसक्ने दीर्घकालीन लिज़का किरायेदारका लागि भुक्तान प्रदान गर्दछ। भाँडा सहयोग कार्यक्रम भर्मन्ट राज्य आवास प्राधिकरण द्वारा प्रशासित हुनेछ र जुलाई १३ तारिख देखि उपलब्ध हुने अपेक्षा गरिएको छ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Can I apply for an Economic Recovery Grant if I have a loss of income from short-term or vacation rental property due to forced closure, reduced demand, or non-payment of rent due to the COVID-19 pandemic? - के मैले आर्थिक सुधार अनुदानको लागि आवेदन दिन सक्छु, यदि मैले कोभिड-१९ महामारीको कारणले गर्दा मेरो छोटो अवधिको वा छुट्टीको समयमा भाडामा लगाउने सम्पति बाध्य भएर बन्द गर्नु परेको , कम माग भएको या कम चलेको, वा भाँडाको भुक्तानी नगरेको कारणहरुले आय गुमाएको छ भने?**

हो , सक्नुहुन्छ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Is there a time limit on when I can spend the grant?**

**के त्यहाँ कैले सम्ममा अनुदान रकम खर्च गरिसक्नु पर्छ भन्ने समय सीमा छ?**

हो छ। योग्य व्यवसायहरूले प्रमाणित गर्नै पर्दछ कि उनीहरूले डिसेम्बर ३०, २०२० सम्ममा अनुदान कोष खर्च गर्नेछन्।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**What is a NAICS code? Where do I find mine? - NAICS (एन ए आइ सी एस ) कोड भनेको के हो? म त्यो मेरो कोड कहाँ पाउँछु?**

उत्तरी अमेरिकी उद्योग वर्गीकरण प्रणाली (एनएआईसीएस) संयुक्त राज्य अमेरिका, क्यानडा र मेक्सिकोमा उद्योग द्वारा व्यवसायलाई वर्गीकृत गर्न प्रयोग गरिन्छ। प्रत्येक व्यवसायले यसको लागि छ-अंकको एनएआईसीएस कोड नम्बर व्यवसायमा बहुमत गतिविधिहरुका आधारमा निर्धारण गर्दछ। जब तपाई आफ्नो संघीय आय कर फाइल गर्नुहुन्छ, तपाईले एक "व्यापार कोड" प्रदान गर्नुहुन्छ जुन (एनएआईसीएस) नम्बरमा आधारित हुन्छ र तपाईको व्यापार कर फाइल गर्नको लागि जानकारीमा ती कोडहरूको तालिका समावेश हुन्छ। गैर-नाफामुखी व्यवसायमा यस्तो उपयुक्त एनएआईसीएस कोड नहुन पनि सक्छ र यो आवश्यकताबाट छुट छ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**What does the “one non-owner employee” requirement mean? "एक गैर-मालिक कर्मचारी" आवश्यकताको अर्थ के हो?**

आर्थिक सुधार अनुदानको लागि योग्य हुन व्यवसायहरूको कम्तिमा एक जना कर्मचारी हुनु पर्दछ। यसको मतलब अनुदानका लागि योग्य हुन कुनै एक व्यवसायमा, जनवरी १, २०१९ र मार्च ३१, २०२० बीचको कुनै पनि बिन्दुमा, कम्तिमा एउटा आंशिक समय काम गर्ने वा पूर्ण-समय काम गर्ने कर्मचारी रहेको हुनुपर्दछ । कर्मचारी एक "W-2 कर्मचारी" हुनुपर्दछ, यसको मतलब तपाईको व्यवसायले तिनीहरुलाई W-2 जारी वा प्रदान गर्दछ। तिनीहरू पूर्ण-समय काम गर्ने कर्मचारी हुनु पर्ने आवश्यक छैन। यदि तपाई ठेकेदार मार्फत सेवाहरू लिनुहुन्छ र तिनीहरूलाई १०९९ फारम प्रदान गर्नुहुन्छ भने तिनीहरू एक कर्मचारी मानिदैनन्।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Are sole proprietors eligible? एकल स्वामित्व भएका व्यवसायहरूका मालिकहरु योग्य हुन्छन ?**

यदि तपाई एकल मालिक हुनुहुन्छ र तपाई एक्लै आफ्नो व्यवसायमा काम गर्नुहुन्छ भने, तपाई अनुदानको लागि योग्य हुनुहुने छैन। जहाँसम्म, यदि एकल प्रोप्राइटरको वा मालिकको व्यवसायमा ५१% वा अधिक महिला - वा अल्पसंख्यक स्वामित्वमा रहेको छ भने त्यो अनुदान रकमको लागि योग्य हुनेछ। आवेदकहरूलाई आवेदनमा सोधिनेछ यदि उनीहरूको व्यवसाय ५१% वा बढी महिला वा अल्पसंख्यक स्वामित्वमा रहेको छ कि छैन भनेर।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**What does the “50% or greater drop in total revenue” requirement mean? "कुल राजस्वमा "50% वा अधिक गिरावट" आवश्यकताको अर्थ के हो?**

आर्थिक सुधार अनुदानले व्यवसायहरुलाई मार्च १, २०२० देखि अगस्ट ३१, २०२० सम्मको कुनै पनि एक महिनाको अवधिमा कूल राजस्वमा कम्तिमा ५०% घाटा भएको प्रदर्शन गर्नुपर्ने आवश्यक पर्छ, त्यो २०१९ मा उही महिनाको तुलनामा गरिएको हुनुपर्दछ। व्यवसायहरूले ति घाटाहरु कागजात गरेर रेकर्ड गर्न आवश्यक छ। मासिक आय विवरणहरू लगाएर / अपलोड गरेर कुनै एक महिनाको लागी घाटा प्रदर्शन प्रस्तुत गर्नुपर्दछ : मार्च, अप्रिल, मे, वा जून

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**What does it mean to be in good standing with the Tax Department? यो कर विभाग संग राम्रो स्थितिमा हुनुपर्नेको मतलब के हो?**

तपाईको व्यवसायको लागि राम्रो स्थिति भनेको सबै आवश्यक कर फिर्ताहरू भरिएका वा फाइल गरेका छन् र सबै करहरू भुक्तानी गरेको छ, वा यदि तपाईको पुरानो बाँकी करहरू तपाईले तिर्नु छ भने, तपाई ती करहरू तिर्ने भुक्तानी योजनामा हुनुहुन्छ। यदि तपाईसँग तपाईको व्यवसायको कुनै भुक्तान नगरिएको करहरू छन् भने, तपाईले भुक्तान योजना अनुरोध गर्न कल गर्न सक्नुहुनेछ (८०२) ८२८--२५१८ । कुनै पनि करदाता जो कर विभाग संग राम्रो स्थितिमा छैनन् भने,अनुदानको लागि अयोग्य ठान्न सकिन्छ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**What does it mean to be in good standing with the Secretary of State? राज्य सचिवको साथ राम्रो स्थितिमा हुनुपर्ने भनेको के हो?**

राम्रो स्ट्यान्डिंगमा वा स्थितिमा अफूलाई मान्नुको मतलब यो हो की - एक व्यवसायले यो पुष्टि गर्न सक्दछ कि उसले आफ्नो व्यवसायको नाममा एकल अधिकार कायम गर्न, र भर्मन्ट राज्य भित्र आफ्नो व्यापारको नाम अन्तर्गत व्यवसाय सञ्चालन गर्ने अधिकार कायम गर्न सबै कानुनी आवश्यकताहरूको अनुपालन गर्दछ । राम्रो स्ट्यान्डिंगको वा स्थितिको प्रमाणपत्र आवेदन भर्नका लागि आवश्यक पर्दैन।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Are non-Vermont companies eligible for a grant? के गैर-भर्मन्ट कम्पनीहरू अनुदानको लागि योग्य छन्?**

अधिनियम ११५ को आवश्यकता अनुसार योग्य व्यवसायहरूलाई उनीहरूको अधिवास हुनुपर्छ वा आफ्नो व्यवसायको प्राथमिक स्थान भर्मन्टमा हुनुपर्छ। सामान्यतया, यदि तपाईको व्यवसायको मुख्यालय भर्मान्टमा छ भने, तपाई अनुदानका लागि योग्य पात्र हुनुहुनेछ, र यदि तपाईको व्यवसायको मुख्यालय भर्मन्टमा छैन भने, तपाई अनुदानका लागि योग्य पात्र हुनुहुने छैन। यदि तपाईको व्यवसायको मुख्यालय भर्मन्टबाट बाहिर छ तर तपाईको व्यवसायको प्राथमिक स्थान भर्मान्ट हो भन्ने विश्वास गर्नुहुन्छ भने कृपया आर्थिक सुधार अनुदानको साथ सम्बद्ध प्रत्येक वेबपृष्ठमा अवस्थित हाम्रो "आर्थिक सुधार अनुदान लाइभ कुराकानी" सुविधा प्रयोग गरी, वा ८०२-८२८-१२०० मा कल गरेर हामीलाई सम्पर्क गर्नुहोस्। यदि तपाईको व्यापार एक भन्दा बढी राज्यमा सञ्चालन हुन्छ भने, व्यापारको प्रमुख स्थान निर्धारित गर्न धेरै कारकहरू विचार गरिन्छन्, जस्तै : कहाँ व्यवसायिक कार्यहरूको व्यवस्थापन हुन्छ, कहाँ पुस्तकहरू र रेकर्डहरु राखिन्छ, र कहाँ वरिष्ठ वा जेष्ठ अधिकारीहरूले केन्द्रीय व्यापार मामिलाहरू सञ्चालन गर्छन् भन्ने लगायत।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**What will happen if ACCD needs more information after I submit my application? यदि मेरो आवेदन पेश गरे पछि एसिसिडीलाई थप जानकारी चाहियो भने के हुन्छ?**

आवेदनले तपाईको व्यवसायको फोन र ईमेल सम्पर्कको लागि सोध्नेछ जुन एसिसिडीलाई तपाईको आवेदनको बारेमा कुनै प्रश्नहरु भए तपाईलाई सम्पर्क गर्न सजिलो हुन्छ। सहि जानकारी प्रदान गर्न र सजीलो पहुँचयोग्य सम्पर्क प्रदान गर्न महत्त्वपूर्ण छ किनकि तपाई आफ्नो आवेदन लाममा राख्न चाहनुहुन्छ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Should I still apply for an ACCD grant if I received a PPP or EIDL loan or some other federal reimbursement? यदि मैले पीपीपी वा ईआईडीएल ऋण वा केहि अन्य संघीय प्रतिपूर्ति रकम प्राप्त गरेकोछु भने के म अझै पनि एसीसीडी अनुदानको लागि आवेदन दिन सक्छु?**

हो। एसीडीडी र कर विभागले कोभिड-१९ सार्वजनिक स्वास्थ्य आपतकालको परिणाम स्वरूप लागत र / वा आर्थिक क्षति भोग्नु परेका भर्मान्टका ती व्यवसायहरूलाई आर्थिक सहयोग पुऱ्याउन भर्मन्ट आपतकालिन आर्थिक सुधार अनुदानहरु प्रदान गर्दैछन्। व्यवसायहरुका लागि अन्य धेरै समर्थनका स्रोतहरू छन्, जसमा पेचेक संरक्षण कार्यक्रम (पीपीपी) र आर्थिक चोट प्रकोप ऋण (EIDL) समावेश छन् । राज्यले मान्यता दिन्छ कि यी अन्य कार्यक्रमहरूले कोभिड-१९ को परिणाम स्वरुप व्यवसायहरुले सामना गरेको लागतहरु र / वा हराएको राजस्वहरुको एक अंशलाई मात्र समेट्छ, र विश्वास गर्दछ कि यसले कार्यक्रमको समर्थन प्रदान गर्न कार्यक्रमको उचित डिजाइन गरेको छ जुन खर्चहरु / हराएको राजस्वहरुको अंशलाई अन्य स्रोतहरुको कोषद्वारा कवर गरेको छैन भने वा त्यस अन्तर्गत पर्दैनन् भने।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**What happens if more eligible businesses apply than there are available funds for grants?**
**यदि अधिक वा धेरै योग्य व्यवसायहरूले अनुदानहरुको लागि उपलब्ध कोषहरू भन्दा पनि धेरै आवेदन गरे भने के हुन्छ?**

उपलब्ध अनुदान कोष समाप्त नभएसम्म एसीसीडीले पहिला आयो, पहिला सेवा गरिएको आधारमा अनुदान जारी गर्नेछ। हामी आवेदनलाई पूर्ण मान्न तब मात्र सक्दछौ , जब त्यस आवेदनमा योग्यता प्रमाणित गर्न आवश्यक पर्ने सबै जानकारीहरू हुन्छन। यस कारणकाले गर्दा, यो सुनिश्चित गर्न महत्वपूर्ण छ कि जब तपाईले आवेदन भर्नु हुन्छ तपाईसँग अपलोड गर्ने वा लगाउने सबै आवश्यक जानकारीहरु छन् , र तपाईले आवेदनमा टाइप गर्नु भएको जानकारीहरु सही छन् । यदि तपाईको आवेदनमा गलत जानकारी वा अपूर्ण फाइलिंगको कारण ढिलाइ भयो भने, यसले तपाईको कोषहरूको लागि लाइनमा स्थान आरक्षण गर्दैन।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**What happens after I submit my application? - मैले मेरो आवेदन पेश गरेपछि के हुन्छ?**

तपाईको आवेदन लाममा जोडिनेछ र यसलाई प्राप्त भएको क्रममा एसिसिड़ीद्वारा समीक्षा गरिनेछ। यदि तपाईको आवेदनको बारेमा प्रश्नहरु सोध्नुपर्ने भयो भने एसिसिड़ीको एक कार्यकर्ताले वा सदस्यले तपाईले प्रदान गरेकोको संपर्क जानकारीमा सम्पर्क गर्नेछ। तपाईलाई व्यावहारिक रूपमा सम्भव भए सम्म चाँडो निर्णयको बारेमा सूचित गरिनेछ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**How soon can I expect to receive the grant? म कत्तिको चाँडो अनुदान प्राप्त गर्न अपेक्षा गर्न सक्छु?**

सबै भुक्तानीहरु चेक द्वारा गरिनेछ। चेक साप्ताहिक रूपमा जारी गरिनेछ। यी कोष वा रकमहरु व्यावहारिक रूपमा चाँडै वितरित हुनेछन । यदि तपाईले आफ्नो आवेदन अनुमोदन भएको एक महिना भित्र पनि आफ्नो चेक प्राप्त गर्नु भएन भने , कृपया हामीलाई आर्थिक रिकभरी अनुदानसँग सम्बन्धित हाम्रो प्रत्येक वेबपृष्ठमा "आर्थिक रिकभरी अनुदान लाइभ कुराकानी" सुविधा प्रयोग गरी , वा ८०२ -८२८ -१२०० मा कल गरेर सम्पर्क गर्न सक्नुहुन्छ ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Will information about my grant be released publicly? के मेरो अनुदानको बारेमा जानकारी सार्वजनिक गरीन्छ?**

हो। अधिनियम वा ऐन ११५ को आवश्यकता अनुसार एसीसीडीले अगस्ट १५ मा वा त्यस भन्दा अघि नै भर्मन्ट व्यवस्थापिकामा प्रतिवेदन प्रकाशित गर्दछ जसमा प्रदान गरिएका अनुदान रकमहरु र व्यक्तिगत अनुदान प्राप्तकर्ताहरूको पहिचान समावेश गर्दछ। त्यो जानकारी सार्वजनिक रूपमा उपलब्ध गराइनेछ। कर जानकारी जुन तपाईले आफ्नो आवेदनलाई समर्थन गर्न बुझाउनु भएको हुन्छ, त्यो कर जानकारी विधानमंडललाई / व्यवस्थापिकालाई वा जनतालाई उपलब्ध गराइने छैन।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Are there other COVID-19 grants available from other state agencies? के त्यहाँ अन्य राज्य एजेन्सीहरूबाट अन्य कोभिड-१९ अनुदानहरू उपलब्ध छन्?**

हो।
यदि तपाई एक व्यवसाय हुनुहुन्छ अनि तपाईले कोठाहरु र भोजनहरुको कर संकलन गर्नुहुन्छ र / वा बिक्री र प्रयोग करहरु संकलन गर्नुहुन्छ र मासिक वा त्रैमासिक आधारमा रिपोर्टहरू गर्नुहुन्छ भने , तपाई कर विभाग द्वारा प्रशासित अनुदानको लागि योग्य हुन सक्नुहुन्छ। यदि तपाई एक कृषि व्यवसाय हुनुहुन्छ भने, वा यदि तपाईको व्यापारले मार्च १, २०२० को मिति सम्ममा दूध शिपिंग वा प्रशोधन गर्दै थियो भने, तपाई कृषि, खाद्य र बजारहरूको एजेन्सी द्वारा प्रशासित अनुदानको लागि योग्य हुन सक्नुहुन्छ।.
वन व्यवसायहरु, स्वास्थ्य सेवा प्रदायकहरु, बाल हेरचाह प्रदायकहरु, गर्मी यामका शिविरहरु, अफ्टरस्कूल वा स्कूल पछिका कार्यक्रमहरु, स्थानीय सरकारहरु, आवास संगठनहरु, र घरमालिकहरुको लागी थप रकम आगामी दिनहरुमा उपलब्ध हुदैछ। यी कार्यक्रमहरू सम्बन्धित राज्य एजेन्सीहरू द्वारा प्रशासित हुनेछ र कसरी लागू गर्ने बारे बारेका थप जानकारी चाँडै उपलब्ध हुनेछ।
व्यवसायहरूले यी कुनै पनि स्रोतहरुबाट केवल एउटा मात्र अनुदान प्राप्त गर्न सक्दछन् ।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची

**Where can I find additional resources that may be available for my business to help with the economic downturn from COVID-19? कोभिड-१९ बाट भएको आर्थिक मन्दीलाई मद्दत गर्नको लागि मेरो व्यवसायका लागि उपलब्ध हुन सक्ने थप संसाधनहरू कहाँ पाउन सक्छु?**

राज्यभरका सबै उपलब्ध कार्यक्रमहरूका बारेमा सबैभन्दा भर्खरको ताजा जानकारीको लागि, हामी पटक-पटक कोभिड -१९ रिकभरी/ सुधार संसाधन केन्द्रमा जाँच गर्ने वा सम्पर्क गर्ने सल्लाह दिन्छौं।

बारम्बार सोधिने प्रश्नहरूको( FAQS ) पूर्ण सूची